# जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला ... य,बागमती प्रदेश

# <u>जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५</u>

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

**२०७५।१२।०२**

**<u>संशोधन गर्ने कार्यविधि</u>**

| | |
|---|---|
| **जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६** | **२०७६।०८।२३** |

**<u>प्रस्तावना</u>:** नेपालको संविधानको धारा ४२ को उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था भएकोले लोपोन्मुख, अति सीमान्तकृत समुदायका विपन्न वर्गलाई आवासको व्यवस्थाको लागि नेपाल सरकारले "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" बमोजिम कार्यान्वयन गर्दै आईरहेकोमा आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशमा हस्तान्तरण भई आएको र प्रदेश सरकारबाट कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम जनता आवास कार्यक्रम कार्यान्वयन ◈<u>कार्यविधि,२०७३</u> बमोजिम छनौट भैसकेका ✻<u>र यस कार्यविधि बमोजिम नयाँ छनौट हुने</u> लाभग्राहीहरुको आवास निर्माण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत कार्यान्वयन गर्नुपर्ने देखिएकोले प्रदेश सरकार (मन्त्रिपरिषद) ले यो कार्यविधि बनाइ लागू गरेको छ।

आर्थिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

✻ पहिलो संशोधनद्वारा थपिएको।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवास इकाई" भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ।

(ख) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले दफा १० को उपदफा (४) बमोजिमको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम समन्वय इकाई" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेश अन्तर्गतको सम्बन्धित सहरी विकास तथा भवन कार्यालय सम्झनु पर्छ।

(ङ) "जनता आवास" भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास इकाई सम्झनु पर्छ।

(च) "जनता आवास समन्वय समिति" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(छ) "जनता आवास समन्वय समिति कार्यक्रम" भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

(ज) "निर्माण समिति" भन्नाले दफा १७ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ट) "लक्षित वर्ग" भन्नाले कार्यक्रम लागू हुने स्थानमा विगत देखि स्थायी रुपमा बसोबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ।

(ठ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घर धनी सम्झनु पर्छ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन

३. **लक्षित वर्गको पहिचानः** (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छः-

(क) विगतदेखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश

सम्वन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागजात,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस।

(२) उपरोक्त अनुसारका लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको उपदफा (१) को खण्ड (क), (ख) र (ग) मध्ये कुनै एक मात्र आधार लिई लक्षित वर्गको पहिचान गर्न सकिनेछ।

४. ◈**लाभग्राहीको छनौटको आधारः** (१) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुईं, गारो तथा छानाकक्ष किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरिने छ।

तर अनुसूची-१ को क्रमसंख्या ४, ५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनीले पहिलो प्राथमिकता पाउने छ त्यसपछि क्रमैसंग न्यूनतम ३५ अङ्क प्राप्त गर्ने घरधनीलाई लाभग्राहीको रुपमा छनौट गरिनेछ।

(३) लाभग्राहीको छनौट प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले गर्नेछ।

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरधनीलाई पहिलो प्राथमिकता दिइनेछ।

(५) सगोलमा रहेको परिवारले एक आवास मात्र पाउने छन्।

(६) उपदफा (१) देखि (५) बमोजिम छनौट भएका लाभग्राहीहरुको लागि विगत आर्थिक वर्ष देखि गत आर्थिक वर्ष २०७५/७६ सम्म नेपाल सरकारबाट जनता आवास कार्यक्रम अन्तर्गत सञ्चालन भई क्रमागत वा अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरे पछि मात्र नयाँ लाभग्राहीलाई बजेट विनियोजन गर्न सक्नेछ।

५. <u>**कार्यक्रम कार्यान्वयन स्थलः**</u> (१) साधारणतया दश लाभग्राही परिवार बसोबास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

तर छरिएर बसोबास गरेको डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनःर्निमाण हुने गरी गरिनेछ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमा क्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# परिच्छेद-३

## रकम तथा निर्माण सामग्री सम्वन्धी

६. **रकम उपलव्ध गराउने:** (१) कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न लाभग्राहीको खातामा सोझै ⁕चार किस्तामा रकम उपलब्ध गराउने छ।

(२) रकम प्राप्त गर्न लाभग्राहीले रकम प्राप्त गर्ने सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ।

(३) लाभग्राहीलाई रकम उपलव्ध गराउने सम्वन्धमा कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र लाभग्राही बीच ◈अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(४) यो कार्यविधि लागू हुनु भन्दा पहिला साविक कार्यविधि बमोजिमको सम्झौता भएपछि कार्यालयले निर्माण सामग्री उपलव्ध गराएको भए सो बापतको रकम कटाई बाँकी रकम सोझै रकम प्राप्त गर्ने लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराउने छ।

(५) सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच भएको सम्झौता बमोजिम सहरी विकास तथा भवन कार्यालयले सोझै रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगतिका आधारमा बिल भरपाई प्राप्त भएको मितिले तीस दिन भित्रमा किस्ता बन्दीमा रकम उपलब्ध गराउने छ।

---

⁕ पहिलो संशोधनद्वारा थपिएको।

◈ पहिलो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) सम्झौता तथा खर्च सम्बन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित सहरी विकास तथा भवन कार्यालयको हुनेछ।

७. **निर्माण सम्पन्न भएको मानिने:** सम्झौता बमोजिम शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

८. **लागत सहभागिता योगदान र व्यवस्थापन:** (१) लाभग्राहीले कुल अनुदानको दश प्रतिशत रकम लागत सहभागिता बापत व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ।

(३) उपदफा (१) मा उल्लिखित लागत सहभागिता बापत लाभग्राहीले कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ।

९. **निर्माण सामग्री उपलब्ध गराउने:** (१) आवास इकाई निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामग्रीहरू लाभग्राही आफैले खरिद गर्नु पर्नेछ।

✻ (१क.) उपदफा (१) बमोजिमका निर्माण सामाग्रीहरु निर्माण समिति वा लाभग्राहीले खरिद गर्न नसकी सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईमा लिखित अनुरोध गरेमा सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले त्यस्तो सामाग्री उपलब्ध गराउनु पर्नेछ।

---

✻ पहिलो संशोधनद्वारा थपिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) लाभग्राहीले भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास इकाई निर्माण गर्नु पर्नेछ।

(३) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिनेछ।

१०. **<u>कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको भूमिका</u>:** (१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुऱ्याउन प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा एक कार्यक्रम समन्वय इकाई रहनेछ।

(२) कार्यक्रम समन्वय इकाईको काम देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गर्ने तह बीच समन्वय गर्ने,

(ख) आवास इकाईको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि प्रदेश जनता आवास समन्वय समितिमा सिफारिस गर्ने,

(घ) आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा प्रगति प्रमाणित गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) सहरी विकास तथा भवन कार्यालयले कार्यक्रमको प्रगतिको आधारमा बजेट निकासा दिने र निर्माण कार्यको प्रगति लिई कार्यक्रम समन्वय इकाईमा प्रगति विवरण पठाउनु पर्नेछ।

(४) सहरी विकास तथा भवन कार्यालयमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन इकाई रहनेछन्।

(५) कार्यक्रम कार्यान्वयन इकाईको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गा अनुसार आवास इकाई निर्माण कार्य कार्यान्वयन गराउने,

(ख) आवास इकाई निर्माणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) निर्माणाधीन आवास इकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने,

(घ) सम्वन्धित स्थानीय तहहरूसँग समन्वय गर्ने,

(ङ) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी सोका आधारमा भुक्तानीका लागि सहरी विकास तथा भवन कार्यालयमा सिफारिस गर्ने,

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सहरी विकास तथा भवन कार्यालयमा पेश गर्ने,

(छ) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्गलाई परिचालन गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रमाणित

## परिच्छेद-४

## समिति सम्वन्धी व्यवस्था

११. **प्रदेश जनता आवास समन्वय समिति:** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश जनता आवास समन्वय समिति रहनेछः-

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) सचिव वा प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(घ) सचिव वा प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव वा प्रतिनिधि, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

(२) प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा राज्यमन्त्री तथा सहायक मन्त्री रहेमा निजहरु प्रदेश जनता आवास समन्वय समितिको सदस्यको रूपमा रहने छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

※(३) प्रदेश जनता आवास समन्वय समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

---

※ पहिलो संशोधनद्वारा थपिएको।

**१२. प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकारः** प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा तथा सम्वन्धित प्रदेश निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिने आवास सङ्ख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा सहरी विकास तथा भवन कार्यालय तथा प्रदेश निर्वाचन क्षेत्र प्रदेश जनता आवास समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

(ग) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिबाट कार्यक्रम कार्यान्वयन हुने गाउँपालिका वा नगरपालिकाहरुको सूची सम्बन्धी जानकारी लिने,

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायहरूबीच समन्वय गर्ने,

(च) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(छ) ज्येष्ठ नागरिक, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता रकम प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको सिफारिस समेतका आधारमा छुट दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने।

१३. **<u>बैठक सम्बन्धी कार्यविधिः</u>** (१) प्रदेश जनता आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रदेश जनता आवास समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्ने छ।

१४. **<u>प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिः</u>** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा देहाय बमोजिम एक प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति रहनेछ :-

(क) प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम भएका सामानुपातिक प्रदेश सभा सदस्यहरु -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित क्षेत्रको महानगरपालिका/

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपमहानगरपालिका/नगरपालिका/
गाउँपालिकाको प्रमुख वा निजहरुले
तोकेको प्रतिनिधि -सदस्य

(च) सम्बन्धित सहरी विकास तथा भवन कार्यालयका प्रमुख वा निजले तोकेको कार्यक्रम कार्यान्वयन कार्यालयका अधिकृतस्तरको प्राविधिक प्रतिनिधि -सदस्य-सचिव

(२) समितिको संयोजकको अनुपस्थितिमा उपस्थित प्रदेश सभा सदस्यमध्ये जेष्ठ प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्नेछ।

(३) जिल्लामा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्नेछ।

१५. <u>**प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार**</u>: प्रदेश निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेश जनता आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको तत्काल कायम रहेका सबै गाउँपालिका वा नगरपालिकाका लक्षित वर्ग समेटी गाउँपालिका वा नगरपालिकामा छनौट भएका गाउँपालिका वा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नगरपालिकाको सूची प्रदेश जनता आवास समन्वय समितिमा पठाउने,

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा प्रदेश सभा निर्वाचन क्षेत्रमा समन्वय कायम गर्ने,

(घ) कार्यक्रम कार्यान्वयन गर्न सहरी विकास तथा भवन कार्यालय, निर्माण समिति र लाभग्राहीलाई आवश्यक सहयोग तथा निर्देशन दिने,

(ङ) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्ने,

(छ) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता छुटका लागि निर्माण समिति वा लाभग्राहीबाट मनासिव कारण तथा प्रमाण सहित अनुरोध भई आएमा प्रदेश जनता आवास समन्वय समिति समक्ष सो रकम छुटका लागि सिफारिस गर्ने।

१६. **<u>बैठक सञ्चालन सम्बन्धी कार्यविधि</u>:** (१) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले आवश्यकता अनुसार बैठकमा अन्य विज्ञ तथा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ।

१७. **<u>निर्माण समिति</u>:** (१) न्यूनतम दश लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा देहाय बमोजिमको निर्माण समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

निजले तोकेको प्रतिनिधि -संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा लाभग्राहीहरू मध्येबाट छनौट भएका कम्तीमा एक जना महिला सहित बढीमा तीन जना -सदस्य

(ग) सम्बन्धित सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट खटाईएको प्राविधिक कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संयोजक र सदस्य छनौट हुन नसकेमा प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले संयोजक र सदस्य छनौट गर्नेछ।

१८. <u>**निर्माण समितिको काम, कर्तव्य र अधिकार**</u>: निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति र सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त निर्देशन अनुरूप निर्माण कार्य गराउने,

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गराउने,

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लाभग्राहीसँग सहमति कायम गर्ने,

(घ) निर्माण कार्यको गुणस्तर कायम गराउने,

(ङ) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा (३) बमोजिमको कार्य गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता छुट दिन प्रदेश निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिलाई सिफारिस गराउने,

(ज) सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढङ्गले सञ्चालन गर्ने,

(झ) सहरी विकास तथा भवन कार्यालयबाट स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण गर्न सहजीकरण गर्ने,

(ञ) स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण भए नभएको बारे प्रतिवेदन दिने।

## परिच्छेद-५
## तालिम सम्वन्धी व्यवस्था

१९. **तालिमको व्यवस्था:** (१) सहरी विकास तथा भवन कार्यालयले प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ।

(२) सहरी विकास तथा भवन कार्यालयले आवास इकाई निर्माणमा संलग्न हुने जनशक्तिलाई कार्यगत तालिमको व्यवस्था गर्नेछ।

(३) आवास इकाई निर्माण तालिममा लाभग्राहीहरूलाई प्राथमिकता दिइने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) सहरी विकास तथा भवन कार्यालयले लाभग्राहीहरुलाई कार्यक्रम सम्बन्धमा सूसूचित गर्न अभिमूखीकरण तालिम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

२०. **निर्देशन पालना गर्नु पर्ने**: समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ।

२१. **विवादको समाधान**: कार्यक्रम कार्यान्वयन गराउने निकाय र निर्माण समिति वा लाभग्राहीहरु बीच कुनै विवाद उत्पन्न भएमा प्रदेश जनता आवास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ।

२२. **फरफारक हुने**: कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च फरफारक गरिनेछ।

२३. **बेच बिखन गर्न नहुने**: लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले दश बर्षसम्म बेचविखन गर्न गराउन हुँदैन।

२४. **कारबाही हुने**: आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२५. **पूर्वाधार**: कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र लगायतको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२६. **<u>अन्य निकायले सहयोग गर्ने</u>:** प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग पुऱ्याउनु पर्नेछ।

२७. **<u>दोहोरो आवास सुविधा नपाउने</u>:** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट आवास इकाईको सुविधा प्राप्त गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिम वा प्रदेश सरकारबाट यस्ता कुनै सुविधा पाउने छैन।

२८. **<u>फेरबदल गर्न सक्ने</u>:** लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी निर्माण गर्न सक्नेछ। तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराईने छ।

२९. **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३०. **<u>असुल उपर गरिने</u>:** जनता आवास निर्माण गर्ने रकम लिएपछि घर नबनाएमा उक्त रकम सरकारी नियम अनुसार असुल गरिनेछ।

३१. ◈**<u>भुक्तानीको ढाँचा</u>:** (१) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ। आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ।

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने किस्ता देहाय बमोजिम हुने छ।

(क) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भए पछि २५ प्रतिशत रकम,

(ख) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ३० प्रतिशत रकम,

(ग) गारो तयार भएपछि थप ३५ प्रतिशत रकम,

(घ) छाना तथा झ्याल ढोका र शौचालय निर्माण कार्य सम्पन्न भएपछि बाँकी १० प्रतिशत रकम,

(३) उपदफा (२) बमोजिम रकम उपलब्ध गराउँदा सम्बन्धित लाभग्राहिको खातामा उपलब्ध गराईनेछ।

(४) यस दफा बमोजिम भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ।

३२. ✂----

३३. ✂----

३४. **बचाउः** नेपाल सरकारबाट विगतमा जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भएका र सो बमोजिम कार्यक्रम सञ्चालन गर्न छनौटमा परेका स्थानीय तह, सम्वन्धित स्थानीय तहको लागि निर्धारण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज।

गरिएको लाभग्राही सङ्ख्या र लाभग्राहीको छनौट यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## ◈अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>लाभग्राहीको छनौटका आधारहरु</u>**

| क.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखी ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ६० भन्दा कम -१०<br>६० देखी १०० -५<br>१०० भन्दा बढी -० | |
| ३ | घर भित्रको भुई | माटो -१०<br>ईटा ढुङ्गा आदी -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५० प्रतिशत वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने। |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने। |

◈ पहिलो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदी -१० <br>खपटा, टायल, टिन -५ <br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ। |
| ६ | घर वस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको -१० <br>नभएको -० | तर डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातिको घर जति संख्यामा भए पनि -१० |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाँउ ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानिय तहको सिफारिस (स्वबासी र विवाद रहित ) -१० <br>नदीताल किनारामा बसोबास गरेको -० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१० <br>अन्यत्र जग्गा भएको -० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ, बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१० <br>अन्य -० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-२

**जनता आवास कार्यक्रम अन्तर्गत आवास निर्माण कार्यको लागि उपलब्ध गराउने अनुदान रकम**

१. मिति २०७४/०४/२२ भन्दा अघि सम्झौता भएका क्रमागत रहेका आवास निर्माणको लागि तपसिलमा उल्लेख भए अनुसारको अनुदान रकम उपलब्ध गराउने।

तपशिल :

| सि.नं. | क्षेत्र/विवरण | प्रति आवास इकाई निर्माणको लागि उपलब्ध हुने अनुदान रकम (कन्टेन्जेन्सी समेत) | कैफियत |
|---|---|---|---|
| १. | तराई क्षेत्र | २,२६,०००/- | |
| २. | भित्री मधेश एवं पहाडी क्षेत्र | २,४६,०००/- | |
| ३. | हिमाली एवं दुर्गम क्षेत्र | २,६७,०००/- | |

२. मिति २०७४/४/२२ भन्दा पछि सम्झौता भई आवास निर्माण कार्य भइरहेको र बाँकी सम्झौता हुन बाँकी रहेको आवास निर्माणको लागि तपसिलमा उल्लेख भए बमोजिमको अनुदान रकम उपलब्ध गराउने।

३. तराई, पहाड र हिमाली क्षेत्रका सबै जिल्लाको लागि रु. ३ लाख ५० हजार (कन्टिजेन्सी सहित)।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

⌘अनुसूची-३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**<u>सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई तथा सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच गरिने सम्झौताको ढाँचा</u>**

१. सम्झौता गर्ने पक्षहरु : ........................ र............................।

२. कार्यक्रम स्थल : जिल्ला :................गाउँपालिका/नगरपालिका :........वडा नं. :........

३. उद्देश्य : आवास निर्माण।

४. कुल लागत : ............................ (लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति : ............/......./.......

(ख) पुरा हुने मिति :............../....../........ सम्म

६. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने :

(१) नगद रुपैया :..............

(२) निर्माण सामग्री :............

(ख) लाभग्राहीबाट व्यहोरिने रकम :

(१) नगद. रु......................

(२) निर्माण सामग्री (मूल्यमा)............

(३) श्रम (मूल्यमा):......................

(४) कूल रकम :.........................

७. भुक्तानीको ढाँचा : अनुदान रकमको भुक्तानी दफा ३२ मा उल्लेख भए अनुसार हुनेछ।

८. सम्झौताका शर्तहरु :

(क) स्वीकृत नाप नक्शा अनुसारको निर्माण गर्नु पर्नेछ।

---

⌘ पहिलो संशोधनद्वारा थपिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) लागत सहभागिता बापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ।

(ग) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

९. सम्झौताका पक्षहरुः

| **सहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| कार्यक्रम प्रतिनिधि : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी :<br>(१) श्री ........................ | साक्षी :<br>(१) श्री ........................ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश